आज मिति २०८१ असार २२ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४२ (बयालीसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उप प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| ,, ,, ,, २ | श्री मदन बहादुर राना |
| ,, ,, ,, ३ | श्री चित्र बहादुर दनाई |
| ,, ,, ,, ४ | श्री गम बहादुर गुरुङ |
| ,, ,, ,, ५ | श्री इन्द्र बहादुर गुरुङ |
| ,, ,, ,, ६ | श्री प्रकाश थापा |
| ,, ,, ,, ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, ,, ८ | श्री पवित्रा थापा राना |
| ,, ,, ,, ९ | श्री खुसिजंग गुरुङ |
| ,, ,, ,, १० | श्री गंगा बहादुर थापा |
| ,, ,, ,, ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | श्री श्रीनाथ दुलाल |
| ,, ,, | श्री कल्पना थापा बोहरा |
| ,, ,, | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | श्री सुकमाया गुरुङ |
| ,, ,, | श्री सुकमाया घर्ती |
| ,, ,, | श्री ममिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

अधिकृत - श्री शम्भु प्रसाद घिमिरे
लेखा अधिकृत - श्री सृजना पौडेल
कार्यक्रम अधिकृत - श्री मेघेन्द्र पोखरेल

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/२५ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०३/२५ गतेको बैठकका प्रस्तावहरु**

१. आगामी आ.व.२०८१/८२ को बार्षिक बजेट सम्बन्धमा ।
२. विनियोजन विधेयक २०८१ को सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८१/८२ को नगरस्तरीय/वडास्तरीय कार्यक्रम सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८१/८२ को सशर्त/समपुरक/विशेष अनुदानतर्फका कार्यक्रम सम्बन्धमा ।
५. मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।
६. क्षमता विकास योजना सम्बन्धमा ।
७. १५ औं नगरसभा अधिवेशनबाट पारित गर्ने समसामयिक निर्णयहरुको सम्बन्धमा ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं १ : आगामी आ.व.२०८१/८२ को बार्षिक बजेट सम्बन्धमा ।**

मिति २०८१।०३।१० को १५ औं नगरसभा अधिवेशनको पहिलो बैठकमा पेश भएको आगामी आर्थिक वर्ष २०८१/८२ को बार्षिक बजेट (आय-व्यय) संशोधन गरी संशोधित बजेट विवरण (अनुसूची १ वमोजिम) २०८१।०३।२६ गते बस्ने नगरसभा अधिवेशन बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ : विनियोजन विधेयक २०८१ को सम्बन्धमा ।**

मिति २०८१।०३।१० को १५ औं नगरसभा अधिवेशनमा पेश भएको बेसीशहर नगरपालिकाको विनियोजन विधेयक २०८१ संशोधन गरी उक्त विधेयक (अनुसूची २ वमोजिम) २०८१।०३।२६ गते बस्ने नगरसभा अधिवेशन बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ : आर्थिक वर्ष २०८१/८२ को नगरस्तरीय/वडास्तरीय कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को नगरस्तरीय र वडास्तरीय योजना तथा कार्यक्रमहरु पारित गरी स्वीकृतिका लागि २०८१ असार २६ गतेको नगरसभाको १५औं अधिवेशन बैठक समक्ष पेश गर्ने निर्णय गरियो। (अनुसूची ३)

**निर्णय नं ४ : आ.व. २०८१/८२ को सशर्त/समपुरक/विशेष अनुदानतर्फका कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको आ.व.२०८१/८२ को संघीय सशर्त, समपुरक र विशेष अनुदानतर्फका कार्यक्रम पारित गरी स्वीकृतिका लागि नगरसभाको १५औं अधिवेशन बैठक समक्ष पेश गर्ने निर्णय गरियो । (अनुसूची ४)

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/२५ गतेको बैठक

**निर्णय नं ५ : मध्यमकालीन खर्च संरचना सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको मध्यमकालीन खर्च संरचना (आ.व.२०८१/८२-२०८३/८४) स्वीकृत गरी १५औं नगरसभा अधिवेशन बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : क्षमता विकास योजना सम्बन्धमा ।**

परामर्शदाताको प्राविधिक सहयोगमा निर्माण गरिएको बेसीशहर नगरपालिकाको ३ वर्षे क्षमता विकास योजना (आ.व.२०८१/८२-२०८३/८४) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :१५ औं नगरसभा अधिवेशनबाट पारित गर्ने समसामयिक निर्णयहरुको सम्बन्धमा ।**

१५ औं नगरसभा अधिवेशनले गर्ने निर्णयहरुको सम्बन्धमा छलफल हुँदा निर्णय गर्नुपर्ने समसामयिक विषयबस्तु समेत समेटी निर्णय मस्यौदा तयार गर्नको लागि नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख